# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड
# Samudayik Laghubitta Bittiya Sanstha Limited

Banepa-14, Sanga, Kavrepalanchowk
**Head Office:** Banepa-14, Kavre. Phone No: 011-662251, 660452
E-mail: info@slbsl.com.np, Web: www.slbsl.com.np

## UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)
### As at the end of Third Quarter (Chaitra 30, 2080) of the Fiscal Year 2080/081

(Rs. in '000)

| S. N. | Particulars | This Quarter Ending (Chaitra 30, 2080) | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **1671635.03** | **1483635.06** | **1643773.35** |
| 1.1 | Paid-up Capital | 175200.00 | 145200.00 | 132000.00 |
| 1.2 | Reserves and Surplus | 17914.15 | 32918.18 | 50128.19 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 590736.53 | 501148.12 | 559277.48 |
| 1.5 | Deposits (a+b) | 577482.66 | 526207.76 | 620744.29 |
| | a. Domestic Currency | 577482.66 | 526207.76 | 620744.29 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | - | 0.00 | 0.00 |
| 1.7 | Other Liabilities | 310301.69 | 278160.99 | 281623.38 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **1671635.03** | **1483635.06** | **1643773.35** |
| 2.1 | Cash & Bank Balance | 89383.19 | 72610.00 | 107194.75 |
| 2.2 | Money at call and short Notice | - | - | 457.29 |
| 2.3 | Investments | 1000.00 | 111000.00 | 101000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 1459086.47 | 1205140.52 | 1351699.89 |
| 2.5 | Fixed Assets | 8483.92 | 7325.25 | 8404.06 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 113681.45 | 87559.29 | 75017.36 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 126579.12 | 86706.44 | 157852.93 |
| 3.2 | Interest Expense | 78227.06 | 52525.66 | 98148.80 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **48352.06** | **34180.78** | **59704.13** |
| 3.3 | Fees Commission and Discount | 650.80 | 295.82 | 620.50 |
| 3.4 | Other Operating Income | 12126.50 | 7608.19 | 12182.58 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **61129.36** | **42084.79** | **72507.21** |
| 3.6 | Staff Expenses | 55951.52 | 39044.59 | 59401.49 |
| 3.7 | Other Operating Expenses | 18369.70 | 11715.75 | 15841.02 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **-13191.86** | **-8675.55** | **-2735.30** |
| 3.8 | Provision for Possible Loss | 169736.06 | 93912.51 | 136636.54 |
| **D** | **Operating profit (C-3.8)** | **-182927.92** | **-102588.06** | **-139371.85** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | | 26,712.21 |
| 3.10 | Write Back of Provision for Possible Loss | 136,970.42 | 62,599.00 | 73,237.71 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **-45957.51** | **-39989.06** | **-39421.93** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **-45957.51** | **-39989.06** | **-39421.93** |
| 3.12 | Provision For Staff Bonus | | | |
| 3.13 | Provision For Tax | | | |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **-45957.51** | **-39989.06** | **-39421.93** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.33% | 11.53% | 11.35% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 9.86% | 14.65% | 14.21% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 98.01% | 78.81% | 79.31% |
| 4.4 | Cost of Funds | 9.33% | 10.20% | 10.88% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 252.66% | 229.02% | 217.75% |

**Note:**
1. The above financial figures are subject to change as per the directions of the Regulators and/or External Auditor.
2. The previous period figures are regrouped and rearranged whenever necessary.

| Interest Rate | |
|---|---|
| 1. Deposits : 7.5% to 12% Per Annum | 2. Loan & Advance : 14% to 15% Per Annum |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)
## आ.ब.२०८०/८१ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१. बित्तीय विवरण**

(क) यस संस्थाको तेस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा/नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु**

| प्रति शेयर आम्दानी | मूल्य/आम्दानी अनुपात (P/E ratio) | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| (३४.९८) | (२२.९९) | ११०.२२ | ९५४.१३ | १४.२६ |

**२. व्यबस्थापकीय बिश्लेषण**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएकोभए सोको प्रमुख कारण सम्बन्धी विवरण:** नेपाल राष्ट्र बैंकको अन्तिम स्वीकृति पश्चात यस सामुदायिक लघुवित्त वित्तीय संस्था र बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडका बिचमा एक आपसमा गाभ्ने/गाभिने(मर्जर) कार्य सम्पन्न भई मिति २०८० फागुन २४ गते देखि सामुदायिक  लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट एकीकृत कारोवार शुरु भएको र मर्जर पश्चात कर्जा लगानीमा बृद्धि भएको तथापी खराब कर्जाको असुलिमा उल्लेख्य सुधार नआएकोले व्याज आम्दानीमा प्रभाव परेको छ । बाह्रय कर्जा, बैंक तथा कोष व्यवस्थापन प्रभावकारी ढंगले सञ्चालन भएकोले तरलता अनुपातको स्थिति सन्तोषजनक रहेको छ ।

(ख) **आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको बिश्लेषणात्मक विवरण :** सामुदायिक लघुवित्त वित्तीय संस्था र बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडका बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) पश्चात यस संस्थाको कार्यक्षेत्र बागमती प्रदेशका सबै जिल्ला र सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्ग, भोजपुर र संखुवासभा गरि पहिला भएको जिल्लामा ८ वटा जिल्ला थप भई जम्मा १८ वटा जिल्लाहरुमा कार्यक्षेत्र विस्तार भएको छ । वित्तीय संस्थाको स्वीकृत कार्यक्षेत्र भित्र पर्ने जिल्लाहरु अन्तर्गत संभावित क्षेत्रमा सदस्य विस्तार गरी लघुवित्त कार्यक्रमको पहुँच नपुगेको स्थानहरुमा लघुवित्त सेवा विस्तार गर्ने, सशक्त र गुणस्तरिय सेवा प्रदान गर्नुको साथै व्यवसायिक योजनाको विकास, नयाँ नयाँ लगानीका क्षेत्रहरुको खोजि, व्यवसायिक संजाल वृद्धि, व्यवसाय विविधिकरण तथा व्यवसायिक विकासका लागि शाखा सञ्जाल विस्तारका साथै ग्राहकको चाहना बमोजिम वित्तीय सेवा तथा सुविधा शुरु गर्ने संस्थाको योजना रहेको छ । त्यस्तै, समय सापेक्ष सदस्यको चाहाना अनुसार सेवा तथा सुविधाहरुलाई परिस्कृत गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी बिश्लेषणात्मक विवरण :** समीक्षा अवधिमा वित्तीय संस्थाले आवश्यक लगानी योग्य रकमको व्यवस्थापन सहज रुपमा गरेको छ । व्यापार व्यवसायहरुमा आएको संकुचन, लघुवित्त संस्थाहरुबिचको अत्याधिक प्रतिस्पर्धा, ग्राहक सदस्यहरुको दोहोरोपन भई हुने बहुवैकिङ्ग कारोवार तथा हालका समयमा बैंक तथा वित्तीय संस्था विरुद्ध भै रहेका नकारात्मक प्रचारबाजी जन्य क्रियाकलापले संस्थाको नाफामा असर गरेको छ तर पनि नकारात्मक असरले पार्न सक्ने सम्भावित असरको जोखिम कम गर्न तर्फ संस्था सचेत रहि कार्य गर्दै आएको छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण**

(क) यस त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए : यस संस्थाको आर्थिक कारोवारमा अनियमिता गर्ने व्यक्ति/कर्मचारीहरु उपर जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा मार्फत उच्च अदालत, विराटनगर मा बैंकिङ्ग कसुरको मुद्दा दर्ता भएको तथा रामेछाप जिल्ला प्रहरी कार्यालयमा बैंकिङ्ग कसुरको मुद्दा दायर गरी अनुसन्धान भैरहेको छ ।

(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी बिश्लेषण**

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :** शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा शेयरको मुल्य तथा कारोवार प्रति यस संस्थाको व्यबस्थापन तटस्थ छ तर प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बद्ध निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी संस्थाले उपलब्ध गराएको छ ।

(ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्या :**
(नेपाल स्टक एक्सचेन्जको वेवसाईट धधध।लभउबकितयअप।अफ।लउ अनुसार)

| शेयरको अधिकतम मूल्य | शेयरको न्यूनतम मूल्य | शेयरको अन्तिम मूल्य | कारोवार भएको कूल दिन | कारोवार भएको कुल संख्या |
|---|---|---|---|---|
| ९२८ | ७२१ | ८०४ | ३६ | ४१,८१२ |

**५. समस्या तथा चुनौती**

(क) **आन्तरिक :** दक्ष जनशक्तिको अभाव, भौगोलिक कठिनाईका कारण कर्मचारीको उत्पादकत्व क्षमतामा आउन सक्ने ह्रास, बढ्दो संचालन लागत, खराब कर्जा तथा खुद व्याज आम्दानीमा संकुचन आदि ।

(ख) **बाह्य :** सदस्यहरुमा भएको कर्जा लगानीको दोहोरोपना र एकै कार्यक्षेत्रमा सञ्चालीत लघुवित्त संस्थाहरु विच हुने अस्वस्थ वित्तीय प्रतिस्पर्धा, सदस्यहरुद्धारा उत्पादित वस्तु तथा सेवाहरु को अव्यवस्थित बजार व्यवस्थापन, भौगोलिक विकटता, लघुवित्त संस्थाहरुको विरुद्धमा भईरहेका अराजक गतिविधिहरु,नियमनकारी निकायबाट फेरबदल हुन सक्ने नीति तथा नियमहरु आदि ।

**६. संस्थागत सुशासन :** संस्थागत सुशासनका लागि संस्था सदैव प्रतिबद्ध रहेको छ । वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा आयकर ऐन २०५८ पालना गरेको छ । साथै वित्तीय संस्थाले कारोबार व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम, विनियम, निर्देशिका कार्यविधि आदि तर्जुमा गरी लागू गरेको छ । सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति लगायतका समितिहरुको माध्यमबाट संस्थाभित्र संस्थागत सुशासन कायम गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन सञ्चालक तथा व्यवस्थापन क्रियाशील रहेको छ ।

**७. सत्य तथ्य सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोष :** आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सु-सूचित निर्णय लिन आबश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

**८. नियम २६ को उपनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण :**
नेपाल राष्ट्र बैंक वाट मिति २०८०/११/२४ मा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड विच एक आपसमा गाभ्ने गाभिने (मर्जर) कार्य समापन भई सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको नाममा एकिकृत कारोबार शुरु गरिएको छ ।